# कालीगण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
विर्घा, स्याङ्जा
स्थापित २०७३

पत्र संख्या : ०८०/८१
चलानी नं. :

गण्डकी प्रदेश, नेपाल


**५०% अनुदानमा व्यावसायिक फूल खेती कार्यक्रम संचालनका लागि आवेदन माग सम्बन्धि सूचना !**

( प्रथम पटक प्रकाशित मिति :२०८०/०४/०२)

यस गाउँपालिका भित्र प्रति बगैंचा न्यूनतम २ रोपनी क्षेत्रफलमा व्यवसायिक फूल खेती गर्न ईच्छुक कृषक/ कृषक समुह /कृषि सहकारी / कृषि फर्म/ कृषि उद्यमी / कृषि कम्पनीहरुलाई तपसिल बमोजिम व्यावसायिक फूलखेती कार्यक्रम संचालन गरिने हुँदा यो सूचना प्रकाशित भएको मिति देखि ३ दिन भित्रमा तपसिलमै उल्लेखित कागजात संलग्न राखी यस गाउँपालिकाको कृषि शाखामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**कार्यक्रम विवरण :**

- न्यूनतम क्षेत्रफल : २ रोपनी
- अनुदान रकम : लागतको ५०% वा बढिमा प्रतिरोपनी रु ९०००/-
- अनुदान उपभोग गर्न सकिने क्षेत्रहरुः बीउ खरिद, नर्सरी स्थापना सामग्री, मल्चिंग प्लास्टिक, विषादी , रसायनिक मल, सुक्ष्म तत्व आदि ।

**जमिन विवरण :**

पारिलो, सिंचाई सुविधा भएको, पानी नजम्ने तथा फूल खेतीका लागि उपयुक्त

**आवश्यक कागजातहरु :**

- कार्यक्रम माग सम्बन्धि आवेदन
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- जग्गाधनीको प्रमाणपत्रको प्रतिलिपि वा जग्गा भाडामा लिइएको भए करार सम्झौताको प्रतिलिपि
- कृषक समुह / कृषि सहकारी / कृषि फार्म/ कृषि उद्यमी / कृषि कम्पनिहरुको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि

( नोट : थप जानकारीका लागि यस गाउँपालिकाको कृषि शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ । )

(देवेन्द्र पाण्डेय)
प्रमुख प्रशासकीय अधिकृत


**Email:** kaligandakiruralmunicipality@gmail.com, **Website:** www.kaligandakimunsyangja.gov.np